नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
केन्द्रीय कार्यालय
नास्ट

**ब्रेन पुलिङ्ग नेपाल कार्यक्रम** (Brain Pooling Nepal Program)

## अनुसन्धान अवधारणा-पत्र (Research Concept Paper) पेस गर्न आव्हान

(सूचना प्रकाशित मिति २०७७ श्रावण २८ गते)

यस प्रज्ञा प्रतिष्ठानबाट विदेशमा रहेर विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरेको सफलता, विशिष्ट कार्य अनुभव भएका नेपाली नागरिक वा गैरआवासीय नेपालीहरुलाई नेपालको विज्ञान तथा प्रविधिको विकासमा योगदान पुऱ्याउने अवसर सिर्जना गर्न **ब्रेन पुलिङ्ग नेपाल कार्यक्रम** सञ्चालनमा ल्याएको छ । यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०७७/०७८ मा योगदान पुऱ्याउन इच्छुक वैज्ञानिक/प्राविधिज्ञहरुबाट ३० दिन भित्र अनुसन्धान अवधारणा-पत्र प्रतिष्ठानको Email: info@nast.gov.np मा पेस गर्न आव्हान गरिएको छ । चालु आर्थिक वर्षका लागि ऊर्जा, नानोटेक्नोलोजी, स्मार्ट सिटी, सूचना प्रविधि र भूकम्प पूर्व-सूचना जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ । यसरी योगदान दिन आउनु हुने वैज्ञानिक एवं प्राविधिज्ञहरुलाई प्रतिष्ठानबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धी विस्तृत जानकारी प्रतिष्ठानको वेवसाइटमा राखिएको छ, www.nast.gov.np हेर्नु हुन अनुरोध छ ।

---

**ब्रेन पुलिङ्ग नेपाल कार्यक्रम** (Brain Pooling Nepal Program) बाट प्रदान गरिने

## NAST Eminent Fellow मा आवद्ध हुन इच्छुक महानुभावहरुबाट आशय-पत्र (Letter of Intent) आव्हान सम्बन्धी सूचना

यस प्रज्ञा प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०७७/०७८ मा स्वदेश वा विदेशमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरेको सफलता र कार्य अनुभवको आधार तथा नास्टसितको सहकार्यमा विज्ञान तथा प्रविधिको क्षेत्रमा पुऱ्याउन सक्ने योगदानदेखि प्रविधि हस्तान्तरणसम्मको कार्य गर्न इच्छुक महानुभावलाई NAST Eminent Fellow बाट आवद्धता गरिने भएकोले आफूले हालसम्म सम्बन्धित क्षेत्रमा हासिल गरेको उपलब्धी र अब पुऱ्याउन सक्ने योगदान खुल्ने गरी वैयत्तिक विवरणसहित ३० दिन भित्र प्रतिष्ठानको Email: info@nast.gov.np मा आशय-पत्र पठाउनु हुन आव्हान गरिएको छ । कार्यक्रम बारे विस्तृत जानकारीका लागि प्रतिष्ठानको वेवसाइट www.nast.gov.np हेर्नु हुन अनुरोध छ ।

---

**ब्रेन पुलिङ्ग नेपाल कार्यक्रम** (Brain Pooling Nepal Program) बाट प्रदान गरिने

## NAST Associate Fellow मा आवद्ध हुन इच्छुक महानुभावहरुबाट आशय-पत्र (Letter of Intent) आव्हान सम्बन्धी सूचना

यस प्रज्ञा प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०७७/०७८ मा स्वदेश वा विदेशमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरेको सफलता तथा नास्टसितको सहकार्यमा विज्ञान तथा प्रविधिको क्षेत्रमा योगदान पुऱ्याउन इच्छुक युवा वैज्ञानिक एवं प्राविधिज्ञ (४० वर्ष ननाघेका) लाई NAST Associate Fellow बाट आवद्धता गरिने भएकोले आफूले सम्बन्धित क्षेत्रमा हासिल गरेको उपलब्धी र अब पुऱ्याउन सक्ने योगदान खुल्ने गरी वैयक्तिक विवरण सहित ३० दिन भित्र प्रतिष्ठानको Email: info@nast.gov.np मा आशय-पत्र पठाउनु हुन आव्हान गरिएको छ । कार्यक्रम बारे विस्तृत जानकारीका लागि प्रतिष्ठानको वेवसाइट www.nast.gov.np हेर्नु हुन अनुरोध छ ।